विभागीय प्रतिवेदन

नेपाली विभाग २०२४-२०२५

## ओरिएन्टेसन कार्यक्रम

०३ सेप्टेम्बर, २०२४ -को दिन सन्त जोसेफ महाविद्यालयको नेपाली विभागमा भर्ना भएका नेपाली मेजरका विद्यार्थीहरूलाई स्वागत जनाउँदै ओरिएन्टेसन कार्यक्रम गरियो। विभाग प्रमूख प्रा. डा. योगेश पन्थको स्वागत सम्भाषणबाट सुरू भएको यस कार्यक्रममा विभागका प्राध्यापिका डा. राधा शर्मा, उप प्राध्यापक भूपाल छेत्री र उप प्राध्यापक बलराम सापकोटा उपस्थित थिए।

यस कार्यक्रममा नयाँ भर्ना भएका विद्यार्थीहरूलाई ज्ञान, जोश-उत्साह दिने उद्देश्हरूलाई ध्यानमा राखेर आयोजना गरिएको थियो। जहाँ विभागका प्राध्यापक प्राध्यापिकाहरूले विद्यार्थीहरूलाई महाविद्यालय तथा वर्तमान शिक्षा पद्धितिका नियमसँग अवगत गराउँदै विद्यार्थीहरूको सर्वाङ्गिण विकासमा चाहिने कुरा ज्ञानवर्धक तरिकाले सुनाएका थिए।

## भानु भाषा स्मृत्ति दिवस सम्पन्न

२०.०८.२०२४ का दिन सन्त जोसेफ्स महाविद्यालयमा नेपाली विभाग अनि आई क्यू ए सीको संयुक्त तत्त्वावधानमा भानु भाषा स्मृति दिवस सम्पन्न गरियो। विद्यार्थीहरूको परीक्षाका कारण गर्न नसकिएको कवि भानुभक्त आचार्यको स्मृति र भाषा दिवसलाई समायोजन गरेर सम्पन्न गरिएको यस कार्यक्रममा विभाग प्रमुख योगेश पन्तले भाषा भनेको परिचय हो, भाषाको पतन आफ्नो परिचयको पतन हो भन्ने विचार राखे। सबैलाई यस कार्यक्रममा स्वागत गर्ने काम महाविद्यालयका डिन र नेपाली विभागकी प्राध्यापक डा राधा शर्माले गरे। स्वागत गर्ने काममा उनले भाषाको महत्त्वबारे विद्यार्थीहरूले अवगत गराउने काम गरिन्। महाविद्यालयका राजनीतिशास्त्रका प्राध्यापक डा समीर शर्माले भाषामा भएको एउटा नाम हराउँदा त्यसले त्यस भाषा बोल्ने समुदायकै महत्त्व हराउँछ भन्ने विचार राखे। बहुभाषी हुनु राम्रो हो तर आफ्नो भाषालाई माया गर्नु र प्रयोग गर्नु अहिलेको आवश्यकता हो भन्ने उनको विचार थियो। महाविद्यालयका प्राचार्य फादर डा डोनाटस कुजुरले सांस्कृति जगेरा गर्नु अहिलेको विश्वको महत्त्वपूर्ण विषय हो भन्ने विचार राख्दै भाषा भनेको सम्प्रेषणको माध्यम मात्र होइन तर यो जुनै पनि समुदायको परिचय हो अस्तित्व हो भन्ने कुरा राखे।







यस कार्यक्रममा अन्तर विभागीय रामायण पाठ प्रतियोगिता पनि राखिएको थियो। यस प्रतियोगिताका निर्णायकहरू प्रा सुष्मा गुरुङ घोष, प्रा डा अनिरुद्र गुरुङ, प्रा सन्ध्या लामा थिए भने टेबुलेटरको भार प्रा स्यारन ग्याम्छोले लिएकी थिइन्। यस प्रतियोगितामा जुलोजी विभाग प्रथम, अर्थशास्त्र विभाग दोस्रो र बिबिए विभाग तेस्रो भएका थिए। आई क्यू ए सी का संयोजक डा अनिरुद्र गुरुङले प्रितयोगिताका फलाफल घोषणा गरेका थिए भने प्रा भुपाल छेत्री, सुनिता आचार्य र आयुष गुरुङले यस कार्यक्रमको सञ्चालन गरेका थिए। कार्यक्रमलाई प्रा बलराम सापकोटाले धन्यवाद ज्ञापन गरेर समापन गर्ने काम गरे।

## रूपनारायण सिंह अन्तर्महाविद्यालय तर्क प्रतियोगिता

२५ अक्टोबर दार्जिलिङ, सन्त जोसेफ्स महाविद्यालयमा नेपाली विभागको तत्त्वावधानमा रूपनारायण सिंह अन्तर महाविद्यालय नेपाली तर्क प्रतियोगिता कार्यक्रम सम्पन्न भएको थियो। यस तर्क प्रतियोगितामा मुख्य अतिथिका रूपमा प्राचार्य फादर डोनाटस कुजुर, सभाध्यक्षका रूपमा उप प्राचार्य डा. रूपेश तिवारी, टेबुलेटरका रूपमा प्राध्यापिका स्यारोन ग्याम्त्सो, समय सूचकका रूपमा प्राध्यापक उगेन डुक्पा अनि निर्णायकहरूका रूपमा क्रमैले कालेबुङ महाविद्यालयका प्राध्यापक सञ्जय विष्ट, सेलेसियन महाविद्यालय सुनदहका प्राध्यापक दीपराज राई, दार्जिलिङ सरकारी महाविद्यालयका प्राध्यापक डा. सुरेन्द्र चाम्लिङ, घुम जोरबङ्गलो महाविद्यालयका प्राध्यापिका बिनिता सुब्बा र बिजनबारी महाविद्यालयका प्राध्यापक सुजन हाङ उपस्थित थिए।

'एउटा राष्ट्र एउटा भोट राष्ट्रको लागि ठिक हो' भन्ने विषय रहेको यस तर्क प्रतियोगितामा कालेबुङ महाविद्यालय, खरसाङ महाविद्यालय, सेलेसियन कलेज सुनदह, घुम जोरबङ्ग्लो महाविद्यालय, गागा छिरिङ मेमोरियल महाविद्यालय सुके, दार्जिलिङ सरकारी महाविद्यालय, बिजनबारी महाविद्यालय र सन्त जोसेफ्स महाविद्यालय गरी जम्मा आठवटा महाविद्यालयका विद्यार्थीहरूले पक्ष र विपक्षमा रही आ-आफ्ना तर्क प्रस्तुत प्रस्तुत गरेका थिए। निकै उत्साहवर्धक रहेको यस तर्क प्रतियोगितामा खरसाङ महाविद्यालय विजेता भएको थियो भने बिजनबारी महाविद्यालय उपविजेता भएको थियो। निर्णायकहरूका अङ्क परिणामअनुसार सर्वश्रेष्ठ वक्ता बिजनबारी महाविद्यालयकी तार्किक सञ्जना राई भएकी थिइन्।






द्वीप प्रज्ज्वलनपछि सुरू भएको यस तर्क प्रतियोगितामा सभाध्यक्षले अध्यक्षीय सम्भाषण राख्दै विद्यार्थीहरूलाई प्रोत्साहित गर्दै तर्कको महत्त्वबारे अवगत गराए साथै चेतना हुनु र वौद्धिक प्रतिभावान हुनमा तर्कको भूमिका सर्वोपरि रहेको कुरा अवगत गराए। प्राध्यापक भूपाल छेत्रीद्वारा सञ्चालन गरिएको यस कार्यक्रममा स्वागत सम्भाषण प्राध्यापिका डा. राधा शर्माले राखेकी थिइन् भने प्राध्यापक बलराम सापकोटाले धन्यवाद ज्ञापन गरेका थिए। नेपाली विभागद्वारा आयोजित यस कार्यक्रममा डान्स क्लबका विद्यार्थी प्रज्वली छेत्रीले नृत्य प्रस्तुत गरेकी थिइन् भने विभिन्न विभागका प्राध्यापक प्राध्यापिकालगायत विद्यार्थीहरूको पनि उपस्थिति रहेको थियो।

**दुई दिवसीय द्विभाषिक अन्तराष्ट्रिय सङ्गोष्ठी**

२३ नोभेम्बर, दार्जिलिङ, सन्त जोसेफ्स् महाविद्यालयको राजनीतिशास्त्र र नेपाली विभागको सयुक्त संयोजनामा  दुई दिवसीय द्विभाषिक अन्तराष्ट्रिय सङ्गोष्ठी २२ र २३

नोभेम्बरको दिन सम्पन्न भयो। 'संस्कृति, भाषा र साहित्यको गतिशीलता : पूर्वीय हिमालय क्षेत्रको खोजी' मूल विषयमा आवद्ध यस सङ्गोष्ठीमा भारत र नेपालका विभिन्न महाविद्यालय र विश्वविद्यालयका ९३ जना शोधार्थी, अध्येयताहरूले आ-आफ्ना कार्यपत्र प्रस्तुत गरेका थिए। यस सङ्गोष्ठी कार्यक्रममा बीज भाषणका निम्ति त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. अभि नारायण सुवेदी र प्राध्यापक डा. महेन्द्र पी. लामा उपस्थित थिए। सङ्गोष्ठीको पहिलो दिन उद्घाटन सत्रमा प्राचार्य फादर डा. डोनाटस कुजुर, प्राध्यापक डा. अभि नारायण सुवेदी र जवाहरलाल नेहरू विश्वविद्यालयका सिनियर प्राध्यापक डा. महेन्द्र पी. लामाको हातबाट दीप प्रज्ज्वलन गरेपछि कार्यक्रम सुरू भएको थियो। यस सत्रमा धन्यवाद ज्ञापन आईक्युएसीका संयोजक प्रा. डा. अनिरुद्ध गुरूङले दिएका थिए।

पहिलो दिनमा समानान्तर रूपले एक-एकवटा पूर्ण व्याख्यान र एक-एकवटा तक्निकी सत्र कार्यक्रम भएको थियो। नेपाली भाषाको पूर्ण व्याख्यान कार्यक्रममा कार्यपत्र प्रस्तोताका रूपमा क्रमैले सन्त जोसेफ्स महाविद्यालयका प्राध्यापिका डा. राधा शर्मा, सिक्किम विश्वविद्यालयका प्रा. डा. देवचन्द्र सुब्बा, कालिपद घोष तराई महाविद्यालय बागडोगराका प्रा. डा. बासुदेव थापा, सेन्ट जेभियर्स कलेज काठमाडौँका लेक्चरर खेमप्रसाद प्रसाइँ र देवेन्द्र पौड्याल, गोरुबथान सरकारी महाविद्यालय कालेबुङका डा. ज्ञानेन्द्र सुब्बा उपस्थित थिए भने यस व्याख्यानको अध्यक्षता उत्तर बङ्ग विश्वविद्यालयका प्रा. डा. पुष्कर पराजुलीले गरेका थिए। यसरी नै अङ्ग्रेजी भाषाको पूर्ण व्याख्यानमा कार्यपत्र प्रस्तोताका रूपमा उत्तर बङ्ग विश्वविद्यालयका प्रा. स्वत:सिद्ध सरकार, डिएलआर प्रेरणाका श्री रोशन राई, सिक्किम विश्वविद्यालयका प्रा. डा. समर सिन्हा, डिब्रुगड विश्वविद्यालय आसामका प्रा. डा. कौस्तुभ डेका, सिक्किम विश्वविद्यालयका प्रा. डा. विधान गोले, विश्व भारती शान्तिनिकेतनका प्रा. उष्हम् रोजियो सिंह, सन्त जोसेफ्स महाविद्यालयका प्रा. डा. पथिक रोय उपस्थित थिए भने यस व्याख्यानका अध्यक्षता  प्रा. डा. अभि नारायण सुवेदीले गरेका थिए। यसपछिको नेपाली र अङ्ग्रेजी भाषाको तक्निकी सत्रमा विभिन्न भारत नेपालका विभिन्न विश्वविद्यालयका शोधार्थी तथा प्राध्यापक, प्राध्यापिकाहरूले आ आफ्नो कार्यपत्र प्रस्तुत गरेका थिए। यस सत्रको नेपाली भाषाको अध्यक्षता कवि, लेखक बिन्दु सुवेदीले गरेकी थिइन् भने अङ्ग्रेजी भाषाको अध्यक्षता प्रा. डा. पदम नेपालले गरेका थिए।






यसरी नै दोस्रो दिन तीन तीनवटा नेपाली र अङ्ग्रेजी भाषामा समानान्तर रूपले तक्निकी सत्र कार्यक्रम भएको थियो। यस दिनको तीनैवटा समानान्तर सत्रमा भारत र नेपालका विभिन्न विश्वविद्यालयका शोधार्थी तथा प्राध्यापक, प्राध्यापिकाहरूले विषय अनुरूप आ आफ्ना कार्यपत्र प्रस्तुत गरेका थिए। कार्यक्रममा अध्यक्षका रूपमा क्रमैले डिब्रुगड विश्वविद्यालय आसामका प्रा. डा. कौस्तुभ डेका, उत्तर बङ्ग विश्वविद्यालयका प्रा. डा. सञ्जय राई, सिक्किम विश्वविद्यालयका प्रा. डा. विधान गोले, सन्त जोसेफ्स महाविद्यालयका प्राध्यापिका डा. राधा शर्मा, सिक्किम विश्वविद्यालयका प्रा. डा. समर सिन्हा, दार्जिलिङ सरकारी महाविद्यालयका प्रा. डा. भुपेन तामाङ उपस्थित थिए। यसपछिको विदाई एवं समापन सत्र कार्यक्रममा अध्यक्षका रूपमा सन्त जोसेफ्स महाविद्यालय प्रा. डा. पथिक रोय, विदाई सम्बोधकका रूपमा क्रेअ विश्वविद्यालय अमेरिकाका श्री प्रज्ज्वल पराजुली उपस्थित थिए। यस कार्यक्रममा कतिपय शोधार्थीहरूले पोस्टर प्रस्तुति पनि गरेका थिए।

यस अन्तराष्ट्रिय सङ्गोष्ठी कार्यक्रममा धन्यवाद ज्ञापन सङ्गोष्ठीका संयोजक प्रा. डा. समिर शर्मा र सह संयोजक प्रा. डा. योगेश पन्थले दिएका थिए भने समाप्तिको घोषणा कार्यक्रमका प्रमुख संरक्षक प्राचार्य फादर डा. डोनाटस कुजुर गरेका थिए। यस दुई दिवसीय कार्यक्रममा राजनीतिशास्त्र र नेपाली विभागका आयोजक समितिका सम्पूर्ण सदस्य, सन्त जोसेफ्स महाविद्यालयका विभिन्न विभागका प्राध्यापक प्राध्यापिका, स्वय:सेवक विद्यार्थीहरूको उपस्थिति रहेको थियो।

विभागले गरेका यी कार्यक्रमबाहेक यस विभागकी प्राध्यापक डा राधा शर्माले आफ्नो समालोचनाको किताप ‘मिसमास’ प्रकाशित गरिन्।

सह प्राध्यापक बलराम सापकोटाले २२ र २३ नोभेम्बर, २०२४ मा ‘संस्कृति, भाषा र साहित्यको गतिशीलता : पूर्वीय हिमालय क्षेत्रको खोजी’ विषयमा दार्जिलिङ, सन्त जोसेफ्स्

महाविद्यालयको राजनीतिशास्त्र र नेपाली विभागको सयुक्त संयोजनामा आयोजित  दुई दिवसीय द्विभाषिक अन्तराष्ट्रिय सङ्गोष्ठीमा ‘रातभरि हुरी चल्यो कथामा कथावाचकको वर्चस्वको रणनीति’ शीर्षकमा सङ्गोष्ठी प्रस्तुत गरे। यसबाहेक उनले १९ र २० नोभेम्बर, २०२४ मा साहित्य अध्ययनका समकालीन सिद्धान्त : पद्धति र प्रयोग विषयमा उत्तर बङ्गाल विश्वविद्यालय, नेपाली विभागद्वारा आयोजित राष्ट्रिय सङ्गोष्ठीमा ‘आगनको घाममा लाटा कथामा कथावाचकको स्थिति’ शीर्षकमा पत्र प्रस्तुत गरे।

सह प्राध्यापक भुपाल छेत्रीले पनि उक्त सङ्गोष्ठीमा नै “हरिभक्त कटुवालको सुधा खण्डकाव्यको प्रवृत्तिगत अध्ययन’ शीर्षकमा पत्र प्रस्तुत गरे।